नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक ३२ २०७९ साल भदौं ७ गते मंगलबार (23 Aug 2022 Tuesday) मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : 'सामाजिक सञ्जाल प्रयोग... ३ पृष्ठमा : मिटर ब्याजी अनुरुदको ससुराली ... ३ पृष्ठमा भारतमा भारी वर्षा र ...

## मधेशको नाउँमा भोट लिएर गएकाहरुबारे समिक्षा गर्न आवश्यक : लोसपा वरिष्ठ नेता महतो



**दैनिक समाचारदाता राजविराज, ६ भदौ ।**

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका वरिष्ठ नेता राजेन्द्र महतोले मधेशका नाउँमा खुलेका दलहरुले मधेशबाट भोट लिएर गएपनि मधेशीका लागि के-के गरे भन्ने कुराको समिक्षा गर्नु पर्ने समय आएको बताएका छन् ।

सोमबार राजविराजमा लोसपा नेपाल सप्तरीद्वारा आयोजित पार्टी प्रवेश कार्यक्रममा प्रमुख अतिथिको आसनबाट बोल्दै उनले यस्तो कुरा बताउँदै भन्दै यसबारे गम्भिर भएर सोच्न आग्रह पनि गरे ।

कार्यक्रमलाई सम्बोधन गर्दै नेता महतोले बैवाहिक अंगिकृत नागरिकतामा समय सीमा राख्ने कुराले मुलुकलाई अझै पछि धकेल्ने बताउँदै समय सीमा राखेर बैवाहिक अंगिकृत नागरिकता दिनुपर्छ भन्ने कुरा पनि कतै कतैबाट उठ्ने गरेकाले पहिलेको व्यवस्थालाई पनि यसले कटौती गर्ने भएका कारण मुलुक पछाडी फर्काउने नियतले यस्तो भनिएको जिकिर गरे ।

संविधानमा मधेशी, आदिवासी, जनजाती, मुश्लिम, सिमान्तकृत लगायत समुदायको पूर्ण अधिकार अहिले पनि सुनिश्चित नभएको बताउँदै उनले त्यसका लागि आफूहरुको संघर्ष जारि रहेको छ भने ।

सोही कार्यक्रममा बोल्दै अर्का वरिष्ठ नेता शरतसिंह भण्डारीले निर्वाचनमा गठबन्ध बाध्यता रहेको भन्दै आफूहरु लोकतन्त्र, पहिचान र अधिकारका लागि काम गर्ने पार्टीका साथ गठबन्धन गर्ने पक्षमा रहेको स्पष्ट पारे । उनले भने -बिना गठबन्धनले कुनै पनि पार्टीको एकल सरकार बन्ने अवस्था नरहेको महसुस गरि हामीले त्यस्तो विचार मिल्ने दलसित गठबन्धनको सोच बनाएका छौं ।

लोसपाका जिल्ला अध्यक्ष सुनिलकुमार झाको अध्यक्षमा आयोजित कार्यक्रमलाई लोसपाका अर्का वरिष्ठ नेता अनिल झाका साथै जयप्रकाश ठाकुर, मधेश प्रदेशका अध्यक्ष जितेन्द्र सोनल, रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश यादव, राजविराज नगरपालिकाका निवर्तमान नगरप्रमुख शम्भु प्रसाद यादवले पनि सम्बोधन गरेका थिए ।

## घरपटीलाई कोठामै थुनेर लाखौंको धनमाल चोरी



**दैनिक समाचारदाता राजविराज, ६ भदौ ।**

राजविराज नगरपालिका वडा नं. २ राजदेवी चौकमा आइतबार राती चोरले घरपटीलाई कोठामै थुनेर लाखौंको धनमाल चोरी गरी फरार भएका छन् ।

*बाँकी तीन पृष्ठमा*

भर्ना खुल्यो भर्ना खुल्यो

"आत्मनिर्भरताका लागि प्राविधिक शिक्षा"

न्यूनतम शुल्कमा प्राविधिक शिक्षा अध्ययन गर्ने सुनौलो अवसर

CTEVT र राजविराज नगरपालिकाको संयुक्त साझेदारीमा संचालित बहुप्राविधिक शिक्षालय

राजविराज पोलिटेक्निक इन्स्टिच्युट

राजविराज, सप्तरी

आवेदन फारम भर्ने अन्तिम मिति २०७९ भाद्र ०८ गते

SEE/SLC/TSLC पछि ३ वर्षे डिप्लोमा

सिभिल इन्जिनियरिङ्ग

जियोमेटिक्स(सर्भे) इन्जिनियरिङ्ग

प्रवेश परीक्षा दिने मिति २०७९ भाद्र १० गते दिउँसो ३:०० बजे

कार्यालय: ०३१-५९००९०, ९८२९७८४७२३

प्रिन्सिपल: ९८१६६४५१६६

Email: info.rajbirajpolytechnic@gmail.com

भर्ना खुल्यो भर्ना खुल्यो

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

विगत १४ वर्ष देखी संचालन हुदै आएको

ओभरसियरी क्याम्पस

( CTEVT बाट मान्यता प्राप्त )

डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग

( ३ बर्षे )

न्यूनतम योग्यता : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षामा अनिवार्य- गणित र विज्ञान विषयमा C ग्रेड र अंग्रेजीमा न्यूनतम D+ ग्रेड, प्राप्तसम्म वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।

फारम भर्ने अन्तिम मिति : २०७९ भदौं ९ गते सम्म ।

सम्पर्क :

सफटेक इन्जिनियरिङ्ग कलेज

रुपनी रोड, राजविराज-८ (सप्तरी)

फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

V-JTA भेटनरी जे.टी.ए. १८ महिने

P-JTA बाली विज्ञान १८ महिने

हाम्रा बिशेषताहरु –

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७९/४/१२ गतेदेखी

फारम बुझाउने अन्तिम मिति : २०७९/५/९

प्रवेश परिक्षा मिति : २०७९/५/१६ गते बिहान ८ बजे

जगदम्बा मेडिकल इन्स्टिच्यूट

राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक

फोन नं. ०३१-५२१४७८

मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सम्पादकीय

# भौतिक निर्माणका कार्यमा गुणस्तरप्रति ध्यान पुगोस्

पछिल्लो पटक सप्तरीमा विभिन्न भौतिक निर्माणका कार्यहरु केही सम्पन्न तथा अधिकांश जारि अवस्थामा रहेका छन् । यस्ता कार्यहरुको तिव्रताले जिल्लाले विकासको क्रममा फड्को मार्ने संकेत देखिएको छ । बाटो निर्माण, नाला निर्माण, सडक मरमत तथा अन्य भवन निर्माणका कार्यहरु भइरहेका छन् । जिल्लाको विकास हुनु अत्यन्त सकारात्मक हो तर, यसमा गुणस्तरप्रति पनि त्यत्तिकै ध्यान पुग्नु आवश्यक छ । त्यस्ता कामहरु पटक पटक नभएर एक पटक मात्र हुन्छ । एक पटकको कामका लागि निकै महिनेत गर्नुपर्ने अवस्था छ । विभिन्न निकायहरुमार्फत विकासीय कार्यका लागि बजेट बिनियोजन गरिन्छ । त्यसका लागि वर्षौ लाग्ने गर्दछ ।

अहिले जिल्लाको विभिन्न सडक मर्मत देखी नयाँ सडक निर्माणका कामहरु धमाधम भइरहेका छन् । काम यस्तो हो जुन चाहि वर्षौ वर्षसम्म ठिकिरहोस् । ठेकेदार कम्पनि वा उपभोक्ता समिति जुनसुकै माध्यमबाट हुने कामप्रति निगरानी हुनु जुरुरी छ । सरोकारवाला निकाय तथा आमजनताले पनि ती कामहरुलाई निगरानी गर्नु उत्तिकै आवश्यक छ भने गुणस्तरहिन कामप्रति खबरदारी पनि त्यत्तिकै जरुरी छ । मात्र बजेट पचाउने कामलाई प्रोत्साहन गरिनु हुँदैन् ।

त्यस्ता कामहरुको निगरानी गर्नुको बाहेकको विकल्प छैन् । ठेकेदारले मनोमानी ढंगले गुणस्तरहीन काम गरिरहेको छ भने त्यस्तालाई जनताले सचेत गर्नुपर्दछ । यसबाहेक स्थानिय निकायले ध्यान पुर्‍याउनु पर्छ । तर, त्यसो भएको देखिन्न् । तसर्थ भौतिक निर्माणका कामहरुलाई समयमै गुणस्तरयुक्त तरिकाबाट सम्पन्न गराउन सबै एकजुट भई सम्बन्धीत निकायले पनि ध्यान पुर्‍याउनु पर्छ ।

# 'सामाजिक सञ्जाल प्रयोग गर्दा ख्याल गरौं'

काठमाडौँ, ६ भदौ (रासस) ।

केही समय अगाडि साइबर ब्यूरोको कार्यालय भोटाहिटीमा एउटा उजुरी पर्‍यो । पीडित महिलाले आफ्नो अन्तरङ्गको फोटो बाहिर ल्याइदिने धम्की दिएको जनाउँदै उजुरी दर्ता गरेको थिइन् ।

सामाजिक सञ्जाल फेसबुकमा नक्कली 'प्रोफाइल'मार्फत ती पीडित महिलालाई साथी बन्न अनुरोध गर्दै 'फ्रेण्ड रिक्वेस्ट' आयो । चिनजान नभएको व्यक्तिले पठाएको उक्त रिक्वेस्टलाई महिलाले सहजै स्वीकार गरिन् । उनीहरू फेसबुकमा साथी बने । कुरा हुँदै गएपछि उनीहरू नजिकिँदै गए । सबै कुराहरू एकअर्कालाई शेयर गर्न थाले । उनीहरू यतिसम्म नजिक भए कि आफ्नो निजी तस्विर एकअर्कालाई पठाउनेसम्म गर्न थाले ।

योजनाबद्धरुपमा साथी बनेका ती युवकले महिलाको हरेक गतिविधिको 'स्किन रेकर्ड' र 'स्किन सर्ट' लिएर राखे । केही समयपछि युवकले ती महिलालाई उक्त सबै गतिविधिको आफूसँग रेकर्ड भएको र पैसा नदिए सामाजिक सञ्जालमा हालिदिने बताउँदै धम्काउन थाले । कहिले आफैँले धम्काउने गरे भने कहिले साथीबाट ती महिलालाई भिडियो पठाउँदै धम्काउन थाले ।

अश्लिल भिडिओको आडमा ती युवकले पीडित महिलालाई बारम्बार मानसिक यातना दिन थाले । यति गर्दासमेत आर्थिक लाभ लिन नसकेपछि अश्लिल भिडिओ महिलाका आफन्तलाई पठाएर यातनालाई पुनः निरन्तरता दिन थाले ।

उक्त घटनापछि पीडित महिलाले दिएको उजुरीमार्फत गत साउन २४ गते साइबर ब्यूरोको टोलीले ललितपुर महालक्ष्मी नगरपालिका–८ बस्ने २४ वर्षीय अमन राजथला पक्राउ गर्‍यो । प्रहरीले उनलाई विद्युतीय कारोबार ऐन २०६३ अन्तर्गतको कसूरमा मुद्दा दायर गरेको छ ।

त्यस्तै गत भदौ १९ गते नेपाल प्रहरीले सामाजिक सञ्जालमार्फत महिलालाई हैरानी तथा अपमान गर्ने कपिलवस्तु बुद्धभूमि नगरपालिका–३ टाँकुका २९ वर्षीय मोहन कुँवरलाई पक्राउ गर्‍यो ।

नक्कली 'फेक अकाउन्ट' बनाएर 'लाइभ स्ट्रिमिङ'मार्फत आपत्तिजनक अश्लिलता प्रदर्शन गरी महिलालाई मानसिक तनाव, दुःख र हैरानी दिएको आरोप उनी पक्राउ परेका हुन् । उनीलाई पनि विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसूरमा प्रहरीले मुद्दा चलाएको छ ।

माथिको उक्त घटना प्रतिनिधि पात्र मात्रै हुन् । सामाजिक सञ्जालका विभिन्न माध्यमको दुरुपयोग गरी महिला र पुरुषमाथि हिंसा हुने क्रम भने रोकिएको छैन, झनै बढ्दै भएको छ । सामाजिक सञ्जालमार्फत गाली गर्ने, अश्लिलता प्रदर्शन गर्ने, 'बेवसाइट ह्याक' गर्ने, अनाधिकृतरुपमा नग्न तस्बिर पठाउने, विभिन्न प्रलोभनमा पारेर 'ब्ल्याक मेल' गर्ने गरेको जनाउँदै अहिले साइबर ब्यूरोमा उजुरी पर्ने सङ्ख्या बढ्दै गएको छ ।

फेसबुक, म्यासेन्जर, भाइबर, आइएमओ, टिकटकलगायतका थुप्रै सामाजिक सञ्जालका माध्यमबाट साइबर अपराध बढेको ब्यूरोको तथ्याङ्कले देखाएको छ । साइबर ब्यूरोको तीन आर्थिक वर्षको तथ्याङ्क हेर्ने हो भने साइबर अपराधमा चिन्ताजनक तस्बिर सामुन्ने आउँछ ।

आर्थिक वर्ष २०७८/७९ मा मात्रै साइबर ब्यूरोको कार्यालय भोटाहिटीमा चार हजार छ सय ८६ उजुरी दर्ता भएका थिए । तीमध्ये सबैभन्दा बढी फेसबुक र म्यासेन्जरमार्फत पीडित बनेकाको छ । यो समस्या पीडित भएकाको सङ्ख्या तीन हजार नौ सय ५६ रहेको जानकारी साइबर ब्यूरोले उपलब्ध गराएको छ ।

यी दुईपछि सबैभन्दा बढी उजुरी टिकटकबाट पीडित हुनेले दिएका छन् । यसमा उजुरी दिने तीन सय सात छन् । यसैगरी बैंक तथा वित्तीय संस्थासँग सम्बद्ध उजुरीको सङ्ख्या एक सय २७ रहेको छ । गत आवमा सामाजिक सञ्जालबाट पीडित भएकाको सङ्ख्या चार हजार छ सय ८६ रहेको तथ्याङ्क प्राप्त भएको छ ।

यसैगरी आव २०७७/७८ मा फेसबुक र म्यासेन्जरबाट पीडित भएर उजुरी दिनेको सङ्ख्या तीन हजार चार सय ५१ रहेको छ । त्यस्तै टिकटकमा ७०, बैंक तथा वित्तीय संस्था सम्बद्ध उजुरी दिनेको सङ्ख्या ९६ रहेको छ । उक्त आवमा सामाजिक सञ्जालबाट पीडित भएकाको सङ्ख्या तीन हजार नौ सय छ पुगेको देखियो ।

आव २०७६/७७ मा भने फेसबुक र म्यासेन्जरबाट पीडित भएर उजुरी दिनेको सङ्ख्या दुई हजार दुई सय ५० रहेको छ । त्यस्तै टिकटकमा चार, बैंक तथा वित्तीय संस्था सम्बद्ध उजुरी दिनेको सङ्ख्या १५ रहेको छ । उक्त आवमा सामाजिक सञ्जालबाट पीडित भएकाको सङ्ख्या दुई हजार तीन सय एक पुगेको साइबर ब्यूरोबाट उपलब्ध तथ्याङ्कले देखाएको छ ।

सामाजिक सञ्जालका विभिन्न माध्यमबाट पीडित भएको भन्दै उजुरी परेको आधारमा सो कार्यालयले तीन आवमा दुई सय ५८ मुद्दा दर्ता गरेको छ । फेसबुक, म्यासेन्जर, भाइबर, आइएमओ, टिकटकलगायतका थुप्रै सामाजिक सञ्जालका माध्यमबाट पीडित बनेको भन्दै प्रहरीमा परेको उजुरीको आधारमा साइबर ब्यूरोले आव २०७८/७९ मा एक सय ३२ मुद्दा दर्ता गरेको थियो । त्यस्तै आव २०७७/७८ मा ७६ र २०७६/७७ मा ५० वटा मुद्दा ब्यूरोले जिल्ला अदालत काठमाडौँमा दर्ता गरेको हो ।

उक्त तीन आवमा विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसूरमा पक्राउ परेर मुद्दा चलाएको एक सय ८४ पुरुष र १६ जना महिला गरी दुई सय रहेका छन् । जसमा क्रमशः आव २०७८/७९ मा ९७ पुरुष र १५ महिला, आव २०७७/७८ मा ५० पुरुष र आर्थिक वर्ष २०७६/७७ मा ३७ पुरुष र एक महिला पक्राउ गरेका थिए ।

यसरी तुलनात्मकरुपमा बढेको विद्युतीय अपराधको विषयमा नेपाल प्रहरीको साइबर ब्यूरोका प्रहरी उपरीक्षक तथा सूचना अधिकारी पशुपतिकुमार रायले नागरिकमा साइबर अपराधसम्बन्धी चेतनाको

*बाँकी अन्तिम पृष्ठमा*


**३ नं वडा कार्यालय रा.वि.न.पा. बाट जारी भएको सूचना**

मिति : २०७९/०५/०५

जिल्ला सप्तरी, राजविराज नगरपालिका साबिक वार्ड नं ४ हाल वार्ड नं ३ बस्ने सुधिर कुमार चौधरी समेत ४ जनाले तपसिलका जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनी मिति २०७९।०५।०६ मा द.न. ५९ को निवेदन दिएको हुँदा सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराईन्छ ।

तपसिल

जि.स.रा.वि.न.पा. वा.नं ३ गुणानन्द चौधरी तथा कौशिला देवीको नाउँ दर्ताको जग्गा

| जिल्ला | गा.वि.स । न.पा. | वडा नं. | कि. नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | प्रशवनी | ६ | १५९ | ०- १३-११ |
| सप्तरी | भरुवा खाल | २ | ५०८ | ०-८-१९ |
| सप्तरी | " | २ | १०१२ | ०-१२-० |
| सप्तरी | सितापुर | ७ क | ६८ | ०-३-३ |

अनिल कुमार दास
वडा अध्यक्ष

अनिल कुमार दास
वडा अध्यक्ष
रा.वि.न.पा. वडा नं. ३



# डा. ललन प्रसाद रौनियार

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

# डा. सरोज कुमार साह

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

# डा. कालीप्रसाद यादव

**Dr. Kali Prasad Yadav**

MBBS, MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)

NMC Reg. No. : 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569



जनज्योति कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

# जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था

रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।

आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।

विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।

प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।

नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।

उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।

सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।

सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।

सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।

व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।

कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।

सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।

त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**

सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np

# मिटर ब्याजी अनुरुदको ससुराली घरबाट ७१ लाख बढीको कपाली तमसुक बरामद

जलेश्वर, ६ साउन (रासस)।

महोत्तरी जिल्ला प्रहरी कार्यालयले पक्राउ गरेको जिल्लाको मिटर ब्याजी अनुरुद साहको ससुराली घरबाट रु एकहत्तर लाखभन्दा बढीको कपाली तमसुक बरामद भएको छ।

प्रहरी नायब उपरीक्षक चन्देश्वर यादवका अनुसार उनले १३ जनासँग मिटर ब्याज चलाएर रु बीस लाख तेत्तीस हजार ठगी गरेको व्यहोराको उजुरी विगत डेढवर्षदेखि जिल्ला प्रशासन कार्यालयबाट प्राप्त भएको र त्यसपछि उनी पछि फरार भएका थिए।

शनिबार पक्राउ परेका उनको ससुराली घरबाट रु एकहत्तर लाख चौवालीस हजार तीन सय पचास रुपैयाको नौ थान कपाली तमसुक बरामद भएको हो।

महोत्तरी र धनुषासहित पूर्वको झापा जिल्लासम्मका मानिससँग मिटर ब्याजको कपाली तमसुक गराएको नौ थान कपाली तमसुक प्रहरीले साह बस्दै आएको धनुषा जिल्लाको जनकपुर उपमहानगरपालिका- ७ ससुराली घरबाट बरामद गरेको हो।

उनले रु ५० हजारका नौ लाखसम्मको कागज बनाएको, कतिको १२ गुणा बढीको कागज बनाएको र कतिलाई ब्याजको रकम माफ गरिदिन यौन प्रस्ताव गरेको तथा दर्जनौं बढी व्यक्तिको थातथलो हडपेको भनेर जिल्ला प्रशासन कार्यालयमा १४ जनाले उजुरी गरेका थिए।

यसैगरी निज साह उपर २०७७ माघ २९ गते महोत्तरी जिल्ला अदालतमा १४ जनाले रु बयालिस लाख बयानन्ब्बे हजार एक सय ९० बाराबरको बिगो दाबीसहित ठगी तथा आर्थिक शोषण मुद्दा दायर गरेकामा उनलाई अदालतले रु एक लाख ५० हजार धरौटी राखी तारेखमा छाडेको थियो। सो मुद्दा अझै पनि अदालतमा बिचाराधीन छ।

मिटर ब्याजी साहलाई प्रहरीले करिब डेढ वर्षको प्रयासपछि शनिबार साँझ ७ बजेतिर भङ्गाहा नगरपालिका- ५ बाट पक्राउ गरिएकामा जिल्ला अदालतबाट म्याद थप गराइ हिरासतमा लिएर अनुसन्धान अगाडि बढाएको छ।

त्यस्तै साह बिरुद्ध आर्थिक शोषण तथा ठगीमा परेका थप व्यक्तिसँग उजुरी लिने क्रम पनि भइरहेको प्रहरी उपरीक्षक कृष्णप्रसाद पङ्गेनीले बताउनुभयो।

# 'हरुवाचरुवासम्बन्धी वस्तुस्थितिको अध्ययन प्रतिवेदन २०७९' कार्यान्वयन गर्नुपर्ने माग

काठमाडौं, ६ भदौ (रासस)।

'मुक्त कमैया, कम्लहरी, हलिया र हरुवाचरुवासम्बन्धी वस्तुस्थितिको अध्ययन प्रतिवेदन २०७९' को कार्यान्वयन गर्नुपर्ने माग गरिएको छ। राष्ट्रिय दलित नेटवर्क ( आरडिएन) नेपालले हरुवाचरुवा पुनःस्थापना तथा कमैया कमलरी तथा हलिया अझै पुनःस्थापना नसकेको भन्दै उनीहरुको पुनःस्थापनाका लागि प्रतिवेदन कार्यान्वयन गर्नुपर्ने माग गरेको हो।

संविधानसभा सदस्य श्याम श्रेष्ठको संयोजकत्वमा गठित अध्ययन समितिले हालै सरकारलाई प्रतिवेदन बुझाएको छ। आरडिएनले सोमबार विज्ञप्ति जारी गरी एक कार्यान्वयन संरचनाको गठन गरी आगामी निर्वाचनपूर्व मुक्त हरुवाचरुवाको तथ्याङ्क सङ्कलन गर्ने काम सम्पन्न गर्नुपर्नेमा जोड दिएको छ।

"आफ्नो हकहितका लागि जसरी मुक्तिको आन्दोलनमा बन्धनको प्रवाह नगरी सक्रियतापूर्वक त्याग गर्नुभयो त्यसैगरी पुनःस्थापनाको आन्दोलनमा अझ सशक्तरुपमा एक भएर लाग्न मुक्त हरुवाचरुवा, हलिया तथा कमैया र कम्लरी आन्दोलनका अगुवालाई आह्वान गर्दछौं", विज्ञप्तिमा भनिएको छ।

विसं २०५७ भदौ ६ गते दलित समुदायका बहुआयामिक समस्याको दीर्घकालीन समाधानका लागि 'जातीय छुवाछूत र भेदभावविनाको अर्को नेपाल सम्भव छ, आउनुहोस् निर्माण गरौं' भन्ने मूल नाराकासाथ सो संस्था स्थापना गरिएको थियो।


सूचना। सूचना॥ सूचना॥।

कानको शल्यक्रिया हुने सम्बन्धी सूचना

२०७९ भदौं १९ गतेदेखी २२ गतेसम्म इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र राजविराजको आयोजनामा टिचिङ हस्पिटल काठमाडौंका नाक, कान, घाँटी रोग विभागका विशेषज्ञ डाक्टरहरुद्वारा कानको शल्यक्रिया शिविर हुन गइरहेको व्यहोरा सेवाग्रहीहरुमा जानकारी गराइन्छ। तसर्थ कानका रोगीहरु समयमा आफ्नो कानको जाँच गराई मौकाको फाइदा उठाउनुहुन अनुरोध छ।

**शल्यक्रिया हुने स्थान :** प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी
(सगरमाथा चौधरी आँखा उपचार केन्द्रको प्राङ्गनमा)

**सम्पर्क नं.** ०३१-५९०००५

**नरेश कुमार यादव :** ९८०४७४२२८०, ९७४२२७०७८४

**आयोजक**

IMPACT Nepal

इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी


## घरपटीलाई कोठामै ...

स्थानिय ७० वर्षिय श्याम देवलाई उनी सुतिरहेकै कोठामा चोरले थुनेर दुई वटा कोठाबाट लाखौंको धनमाल चोरेर फरार भएको प्रहरीले जनाएको छ।

श्याम देवका कान्छा छोरा डा.विमलका अनुसार घरबाट करिब १०/११ तोला सुनको गरगहना, १ किलो चाँदीका गरगहना, नगद २५ हजार साईकल १ थान र अन्य केही सरसमान चोरी भएको हो।

उनका अनुसार बुवा श्यामदेव आईतवार राती करिब ११ बजे तीर खाना खाएर कोठामा एक्लै सुतेका थिए। परिवारका अन्य सदस्य सहित आफु पनि सोही दिन काम विषेशले बाहिर गएको चोरले सुईको पाएपछि सो घट्ना गरेको उनको भनाइ छ। चोरले बुवा सुतेको कोठमा बाहिरबाट चुकुल लगाई अन्य दुई कोठामा रहेको तीन वटा दराज र एउटा सन्दुक फुटाएर सो परिमाणको सम्पती चोरी गरी लगेको उनले बताए।

घट्नास्थलबाट १० मिटर मात्रको दुरीमा प्रहरीको विट रहेको छ। यस्तो अवस्थामा पनि चोरी हुनु अनौठो र आश्चर्यको विषय भएको उनको भनाइ छ।

प्रहरी विट नजिकैको घरमा चोरी भएपछि छरछिमेकका वासिन्दा समेत त्रसित छन्। जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी माधव प्रसाद काफ्लेले चोरी घट्नाको सुक्ष्म अनुसन्धान भइरहेको जानकारी दिए। उनले शंकास्पद २/३ जनालाई नियन्त्रणमा लिई सोधपुछ भईरहेको र छिट्टै चोर पत्ता लाग्ने दावी गरेका छन्।




डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन



मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत: गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No.: 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझ्पन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar



MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
**Phone :** 031-533774
**Mo. No** : 9819721526, 9852820734


## विश्व समाचार

### भारतमा भारी वर्षा र बाढीबाट पचास जनाको मृत्यु

नयाँदिल्ली, ६ भदौ (रासस/सिन्ह्वा)।

भारतको उत्तरी र पूर्वी भू(भागमा जारी रहेको वर्षा र बाढीबाट कम्तीमा पनि ५० जनाको ज्यान गएको बताइएको छ। भारी वर्षाका कारण आइतबार रातिसम्म मृत्यु हुनेको संख्या ५० पुगेको अधिकारीहरुले जनाएका छन्। पहाडी राज्यहरू हिमाचल र उत्तराखण्ड, पूर्वी राज्य उडिसा, झारखण्ड र भारत(नियन्त्रित काश्मीरमा बाढी र पहिरोमा परी उनीहरूको मृत्यु भएको यहाँका उद्धार अधिकारीहरुले जानकारी दिएका छन्।

हिमाचल प्रदेशको उत्तरी पहाडी क्षेत्रमा पहिरो गएको छ। त्यसमा परेर ३६ जनाको ज्यान गएको भारतीय पत्रिका हिन्दुस्तान टाइम्सले जनाएको छ। त्यहाँ अरु केही अझै बेपत्ता रहेका छन्।

त्यसैगरी उडिसा र झारखण्डमा पनि भारी मात्रामा वर्षा र पहिरो गएको छ। यहाँ कतिपय विदेशी पर्यटकहरु थुनिएका र चेपिएका छन्। उनीहरुको उद्धार जारी रहेको बताइएको छ।

यसअघि यहाँ आइतबार नै पहिरोको एउटा घटनामा एकै परिवारका आठ जनाको मृत्यु भएको समाचार आएको थियो। बाढीपहिरो प्रभावित राज्यका पुल, सडक र राजमार्ग नराम्ररी क्षतिग्रस्त भएकाले आवतजावतमा अवरोध भएको छ।

बाढीपहिरोका कारण चेपिएका हजारौं स्वदेशी तथा विदेशी पर्यटकको उद्धारको काम जारी रहेको प्रहरीले जनाएको छ।

### भारतमा कोरोना संक्रमितको संख्या दश हजार भन्दा कम

नयाँदिल्ली, ६ भदौ (रासस/सिन्ह्वा)।

भारतमा एकै दिनमा कोरोना सङ्क्रमितको सङ्ख्या दश हजार भन्दा कम भएको छ। यहाँ २४ घण्टाको समयावधी अर्थात आइतबार मध्यरातिसम्म नौ हजार पाँच सय ३१ जना कोरोना सङ्क्रमित भएका सङ्घीय स्वास्थ्य मन्त्रालयले सोमबार सार्वजनिक गरेको छ।

यसैसँगै भारतमा चार करोड ४३ लाख ४८ हजार नौ सय ६० जना कोरोना भाइरस सङ्क्रमित भएका छन्। भारतमा एक दिन अगाडि अर्थात आइतबार प्रकाशित तथ्याङ्कअनुसार एक दिनमा ११ हजार पाँच सय ३९ जनामा सङ्क्रमण देखापरेको थियो।

दैनिक सङ्क्रमितको सङ्ख्यामा उतारचढाव भइरहेको छ। भारतमा अहिले सक्रिय सङ्क्रमितको सङ्ख्या ९७ हजार छ सय ४८ जना रहेका छन्।

गत २४ घण्टाको समयअवधीमा कोरोना सङ्क्रमणबाट यहाँ ३६ जनाको मृत्यु भएको छ। यसैसँगै कोरोना सुरु भएबाट हालसम्म यहाँ पाँच लाख २७ हजार तीन सय ६८ व्यक्तिको मृत्यु भइसकेको छ।

भारतमा आइतबार एक दिनमा १२ हजार सात सय ८३ जना कोरोना मुक्त भएका छन्। यसैसँगै कूल चार करोड ३७ लाख १२ हजार दुई सय १८ जना कोरोनामुक्त भएका छन्।

नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै रहेकाले सक्रिय सङ्क्रमित घटेका छन्। भारतमा सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो।

सो समयबाट हालसम्म दुई अर्ब दश करोड २४ लाख भन्दा बढी मात्रा खोप लगाइएको छ। भारतमा कोरोना सुरु भएयता हालसम्म ८८ करोड ६० भन्दा बढीको कोरोना भाइरस परीक्षण भएको जनाइएको छ।

### अफगानिस्तानको पक्तिया प्रान्तमा बाढी चौधको मृत्यु

काबुल, ६ भदौ (रासस/सिन्ह्वा)।

अफगानिस्तानको पूर्वी पाक्तिया प्रान्तमा आइतबार अबेर राति आएको भीषण वर्षापछिको बाढीका कारण कम्तीमा १४ जनाको मृत्यु हुनुका साथै अन्य १२ जना घाइते भएका राज्य सञ्चालित बख्तर समाचार समितिले सोमबार जनाएको छ।

आइतबार राति प्रान्तीय राजधानी गार्डेज र पक्तिया प्रान्तका केही जिल्लाहरूमा भारी बाढीका कारण १४ जनाको ज्यान जानुको साथै १२ जना घाइते भएका राज्य सञ्चालित समाचार समितिले जानकारी दिएको छ।

मनसुनी बाढीले कम्तिमा २० एकड जमिन बगाएको र तीन सय ५८ आवासीय घर पूर्णरुपमा र छ सय ७६ अन्य आंशिक रुपमा ध्वस्त भएका बख्तरले जानकारी दिएको छ।

बाढीले यस प्रान्तमा एक हजार चार सय ३० भन्दा बढी गाईवस्तुको ज्यान गएको र सयौं किलोमिटर सडक, असङ्ख्य सुरक्षाका पर्खालहरु, पुल र बाँधमा क्षति पुगेको बख्तर जनाएको छ।

शनिबार पक्तियाको छिमेकी लोगार प्रान्तको खुशी जिल्लामा अचानक आएको बाढी र आँधीले १५ जनाको ज्यान गएको र नौ जना घाइते भएका प्रान्तीय प्रहरी प्रवक्ता अहमदउल्लाह अनासले पुष्टि गर्नु भएको छ।

# निवर्तमान मेयर पुरानै पार्टीमै फर्किए उनीसँगै चारसय जना लोसपामा प्रवेश



**दैनिक समाचारदाता**
**राजविराज, ६ भदौ ।**
२०७४ सालको स्थानिय निर्वाचनमा तत्कालिन राष्ट्रिय जनता पार्टी (राजपा)बाट उम्मेदवार भई राजविराज नगरपालिकाको मेयरमा निर्वाचित शम्भुप्रसाद यादव सोमबार लोसपामा प्रवेश गरेका छन् ।

उनले हालै सम्पन्न स्थानिय तहको निर्वाचनमा टिकट नपाएपछि जनता समाजवादी पार्टी परित्याग गरि मनोनयन पत्र दर्ता गराउने दिन नेकपा माओवादी केन्द्रमा प्रवेश गरि राजविराज नगरपालिकाको प्रमुख पदमा उम्मेदवारी दिएका थिए ।

सोमबार लोसपा नेपाल सप्तरीद्वारा आयोजित पार्टी प्रवेश कार्यक्रममा उनी नेकपा माओवादी केन्द्र परित्याग गरि लोसपामा प्रवेश गरे । उनीसँगै विभिन्न पार्टी परित्याग गरि चार सय जना लोसपा प्रवेश गरेको जिल्ला अध्यक्ष सुनिल झाले जानकारी दिएका छन् ।

पार्टी प्रवेशका अवसरमा उनले आफूले राजनीति सुरु गरेको पुरानै पार्टी रोजेर घर फर्किएको प्रतिक्रिया दिएका छन् ।

यस्तै प्रवेश गर्नेहरुमा राजविराज नगरपालिकाका निवर्तमान वडा अध्यक्ष माँगीलाल नाई र सुदर्शन सिंह पनि छन् । दुबै जना काँग्रेस पार्टी परित्याग गरि लोसपा रोजेका हुन् । यस्तै २०७४ को स्थानिय तहको निर्वाचनमा राजपाबाट निर्वाचित वडा अध्यक्ष शम्भु यादव (लाली) र शोभालाल मण्डल पनि लोसपामा प्रवेश गरेका छन् । नवप्रवेशीहरुलाई कार्यक्रमका प्रमुख अतिथि लोसपाका वरिष्ठ नेता राजेन्द्र महतो, शरतसिंह भण्डारी, अनिल झा, जयप्रकाश ठाकुर, दिपेन्द्र चौधरी लगायतले अबिर र माला लगाई स्वागत गरे ।

२०७४ को स्थानिय तहको निर्वाचनमा राजपाबाट राजविराज नगरपालिकाको नगरप्रमुख पदमा उम्मेदवार भई चुनाव जितेका यादव राजपा-संघीय समाजवादी फोरम एकिकृत भई गठन भएको जसपामा थिए । जसपामा विभाजन आई लोसपा बनेपछि उनी जसपा नै रोजेका थिए । तर पछिल्लो स्थानिय तहको निर्वाचनमा आफूलाई पुन: उम्मेदवार नबनाई अर्कैलाई टिकट दिएपछि जसपा अध्यक्ष उपेन्द्र यादवसँग उनको दुरी बढेको थियो ।

# हयासको टायर पड्किदा एक महिलाको मृत्यु, १३ जना घाइते

**दैनिक समाचारदाता**
**राजविराज, ६ भदौ ।**
पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको अग्निसाईर कृष्णसावरण गाउँपालिका वडा नं. ६ नँया बस्ति बसन्तपुरस्थित सडकमा सोमबार हयास गाडीकोको टायर पड्किदा दुर्घटना हुँदा एक महिलाको मृत्यु भएको छ । त्यस्तै सोही दुर्घटनामा १३ जना यात्रुहरु घाइते भएका छन् ।

पश्चिमबाट पुर्वतर्फ जादै गरेको बा.५ख.२३१० नं. हायस गाडीको पछाडीको टायर अचानक पड्किदा अन्यन्त्रित भई दुर्घट्ना हुदाँ घाईते मध्येका झापाको कन्काई नगरपालिका ८ निवासी ५२ वर्षिया अमृका ओलीको मृत्यु भएको हो । घाइते ओलीलाई उपचारका लागि अस्पताल पुऱ्याउना साथ मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

सो दुर्घटनामा हयास चालक झापाको बिर्तामोड ४ निवासी ४३ वर्षिय दुर्गा बहादुर मगर, मोरङको गछिया ४ निवासी १९ वर्षिया सबिना राई, रौतहट निवासी २४ वर्षिय मनोज जैसवाल, भारतको दिल्ली निवासी ४६ वर्षिय ईमराम अहमद, सहचालक बिर्तामोड ४ निवासी २९ वर्षिय हिमाल प्रसाद, चितवनको रत्ननगर ९ का ४८ वर्षिय बिनोद प्रसाद शर्मा, मोरङको उर्लाबारी निवासी ४२ वर्षिया तारा बिक, झापाको दमक ३ निवासी २९ वर्षिय अशोक माझी, संखुवासभाको तयैनपुर १० बस्ने ३३ वर्षिय गोबिन्द भण्डारी, झापाको कन्काई ८ निवासी २९ वर्षिया बिछा ओली, झापाकै २४ वर्षिया अन्जना अधिकारी, २० वर्षिया सिर्जना अधिकारी र झापाकै कन्काई ४ निवासी ४६ वर्षिया सुस्मिता संग्रौला घाइते भएका छन् ।

उनीहरु सबैको उपचार भइरहेको तथा घटना बारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## 'सामाजिक सञ्जाल ...

स्तर बढ्दै भएकाले पनि उजुरी पर्नेको क्रम बढेको हो भन्नुभयो ।

उहाँका अनुसार-अहिले डिजिटल माध्यमको पहुँच हरेक नागरिकसम्म पुगेकाले अपराधको तथ्याङ्क पनि बढेको देखिन्छ । समयअनुसार हरेक नागरिक सामाजिक सञ्जालको पहुँचसँग ( फेसबुक, म्यासेन्जर, टिकटक, भाइबर आदि) जोडिँदै गएका छन् । यसरी उक्त माध्यमबाट पीडित बन्नेको संख्यामा पनि वृद्धि भएको हो ।

उहाँले सामाजिक सञ्जालका विभिन्न माध्यमको दुरुपयोग गरी आर्थिक लाभ लिने मनसाय राखेर पनि अपराध गर्ने गरेको जानकारी दिनुभयो । सूचना अधिकारी रायले भन्नुभयो " अपराधबाट बच्नका लागि नागरिक आफैं सचेत र चनाखो हुनुपर्छ । "


**राष्ट्रिय भूमि आयोग**
**ताहाचल, काठमाडौं**
**फोन नं. ०१-५३१२९३६/५३१३९३२**

**जग्गाको स्वामित्व, दर्ता श्रेस्ता, फिल्डबुक प्रमाणित लगायतका विषयमा निवेदन दिने सम्बन्धी ३५ (पैंतिस) दिने सूचना ।**

**प्रथम पटक प्रकाशित मिति : २०७९/०२/१२ गते**
**दोस्रो पटक प्रकाशित मिति : २०७९/०४/३१ गते**

मिति २०७७/०१/०१ भन्दा अगाडि प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता श्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजात सहित विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची २ बमोजिमको ढाँचामा यस आयोगको सम्बन्धित जिल्ला समितिको सचिवालयमा ३५ (पैंतिस) दिनभित्र निवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।


# भारतीय सीमावर्ती क्षेत्रबाट एक थान कटुवा पेस्तोल बरामद



**दैनिक समाचारदाता**
**राजविराज, ६ भदौ ।**
सशस्त्र प्रहरीले सप्तरीको राजगढ गाउँपालिका २ बनैनिया क्षेत्रबाट कटुवा पेस्तोल बरामद गरेको छ । गस्तिमा रहेको सशस्त्र प्रहरीको टोलीले भारतीय सीमावर्ती क्षेत्रबाट एक थान कटुवा पेस्तोल बरामद गरेको हो ।

सशस्त्र प्रहरी निरिक्षक तुलसीराम कार्कीको कमान्डमा पैदल गस्तिमा गइरहेको टोलीले आइतबार राती ९ बजेतिर भारतीय सीमा नजिक पर्ने उक्त क्षेत्रबाट कटुवा पेस्तोल बरामद गरेको जनाइएको छ ।

गस्ति टोलीलाई देख्ना साथ भारतबाट पैदलै नेपालतर्फ आउँदै गरेका दुई जनाले कटुवा पेस्तोल र त्यसमा लाग्ने ८ एम एमको एक राउण्ड गोली खेतमा फालेर भारततर्फै भागेको सशस्त्र प्रहरी उपरिक्षक प्रदिप खडकाले बताएका छन् ।

उक्त हतियार सोमबार जिल्ला प्रहरी कार्यालयमा बुझाई फरार व्यक्ति बारे अनुसन्धान भइरहेको सशस्त्र प्रहरी बल नेपाल नं. ६ गण हेडक्वाटर सप्तरीले जनाएको छ ।


**हातधुने बानी बसालौं, संक्रमणबाट जोगिऔं**

साबुनपानीले मिचिमिचि हात धोऔं ।
- हत्केला पछाडि, औंलाको बीच, नङभित्र लगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं ।
- सफा कपडा वा तौलियाले हात पुछौं ।

जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# मन्त्री साहद्वारा विद्यालय भवन उद्घाटन

**दैनिक समाचारदाता**
**राजविराज, ६ भदौ ।**
मधेश प्रदेशका सामाजिक विकास मन्त्री नवल किशोर साहले सोमवार सप्तरीको महदेवा गाउँपालिका १ मा नवनिर्मित नर बहादुर थापा जनता माध्यमिक विधालय पकरी गोठ सोनराको उद्घाटन गरेका छन् ।

मधेश प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको ४७ लाखको लागतमा निर्माण भएको उक्त दुई कोठे भवनको मन्त्री साहले उद्घाटन गरेका हुन् ।

विद्यालय उद्घाटन समारोहमा महादेवा गाउँपालिकाका अध्यक्ष सुनिल कुमार मण्डल, प्रमुख प्रसाशकिय अधिकृत दिपेश झा, विद्यालय वयवस्थापन समितिका अध्यक्ष संतोष कुमार यादव, राजविराज नपाका वडा नं. १० का वडा अध्यक्ष गंगाराम खंग, स्थानिय लोसपाका युवा नेता सुरेन्द्र यादव, जसपा के.स. विकाश तिवारी, जनप्रतिनिधिहरु, बिभिन्न राजनैतिक दलका प्रतिनिधिहरु, लगायतका स्थानीयबासीहरुको उपस्थिति रहेको थियो ।


**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।**
हाम्रा सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*